शिखर नगरपालिकाको

२०८१ सालको ऐन संख्याः २

# शिखर नगरपालिकाको

## शिखर नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन ऐन, २०८१

नगर सभा बाट पारित मितिः२०८१।०९।२८

प्रमाणिकरण मितिः२०८१।०९।२९

नगरपालिकाः शिखर

जिल्लाः डोटी

सुदूरपश्चिम प्रदेश

## शिखर नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन ऐन, २०८१

**प्रस्तावनाः-**

स्वच्छ, गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा प्राप्त गर्ने नागरिकको मौलिक हक अधिकारको सम्मान, संरक्षण र परिपुर्ती गरि स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाइ सेवा सहज रुपमा उपलब्ध गराउन, ढल निकास तथा फोहोरपानीको व्यवस्थापन गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३ को दफा ११ को उपदफा (२) "झ". मा आधारभूत स्वास्थ्य र सरसफाइ तथा "ध". मा स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने भन्ने व्यवस्था अनुसार खानेपानी व्यवस्थापन गरी महसुल निर्धारण गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम शिखर नगरपालिकाले खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन ऐन, २०८१ जारी गरेको छ।

### परिच्छेद - १

### संक्षिप्त नाम र प्रारम्भ

१) यो ऐनको नाम "शिखर नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन ऐन, २०८१" रहनेछ।

२) यो ऐन नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

३) परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "अनुमतिपत्र" भन्नाले सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सेवा प्रदायकलाई नगरपालिकाबाट दिईएको अनुमतिपत्र सम्झनुपर्दछ।

ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने सङ्गठित संस्था सम्झनुपर्दछ।

ग) "आयोजना" भन्नाले खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनुपर्दछ।

घ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनुपर्दछ।

ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रूपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनुपर्दछ।

च) "खानेपानी तथा सरसफाई उपभोक्ता समिति" भन्नाले खानेपानी तथा सरसफाई र स्वच्छना सम्बन्धी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरूले उपभोक्ता संस्थाको रूपमा रहेको सामुदायिक संस्थाको विधान बमोजिम साधारणसभा वा अधिवेशनबाट गठन हुने समिति सम्झनुपर्दछ।

छ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगका लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनुपर्दछ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रूपमा खानेपानी उपलव्ध गराउने कार्य समेत सम्झनुपर्दछ।

ज) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रूपमा जडान भएका धाराबाट उपभोक्ताका लागि वितरण हुने खानेपानीको उपयोग सम्झनुपर्दछ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोग समेत सम्झनुपर्दछ।

झ) "उपभोक्ता" भन्नाले पानी आःपूर्तीकर्ताले उपलब्ध गराएको सेवा उपभोग गर्ने व्यक्ति वा निकाय सम्झनुपर्दछ।

ञ) "ऐन" भन्नाले शिखर नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन ऐन, २०८१ सम्झनुपर्दछ।

ट) "खानेपानी" भन्नाले घरेलु तथा औद्योगिक प्रयोजनका लागि आपूर्ति गरिने पानी सम्झनुपर्दछ।

ठ) "ठूलो मर्मत" भन्नाले प्राकृतिक प्रकोपबाट संरचना भत्किई वा अन्य कुनै किसिमले आकस्मिक रूपमा क्षति भएमा गरिनुपर्ने सामान्य मर्मत बाहेकका अन्य मर्मत सम्भार सम्बन्धी कार्य सम्झनुपर्दछ।

ड) "पानी आपूर्तीकर्ता" भन्नाले यस ऐन बमोजिम उपभोक्तालाई खानेपानी आपूर्ती गर्ने उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त समिति सम्झनुपर्दछ।

ढ) "निरीक्षक" भन्नाले नियम ४६ बमोजिम तोकिएको खानेपानी निरीक्षक सम्झनुपर्दछ।

ण) "पानी ढलो" (Catchment Area) भन्नाले पानीको प्राकृतिक स्रोत स्थलमा जस्तैः- मूल वा मुहान, पोखरी, धाप वा ताल, सिमसार, खोला, कुवा, ढुङ्गेधारा र जलाधार क्षेत्रमा पानी जम्मा हुने स्थललाई सम्झनुपर्दछ।

त) "मन्त्रालय" भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको संघीय वा प्रादेशिक मन्त्रालय सम्झनुपर्दछ।

थ) "मुहान वा स्रोत" भन्नाले भू-सतह वा भूमिगत रूपमा रहेको प्राकृतिक पानीको स्रोत वा मुहान सम्झनुपर्दछ।

द) "लाभदायक उपयोग" भन्नाले उपलब्ध साधन र स्रोतले भ्याएसम्म उचित रूपले गरिएको खानेपानीको उपयोग सम्झनुपर्दछ।

ध) "व्यापक सार्वजनिक उपयोग" भन्नाले भैरहेको उपयोगबाट लाभान्वित भएका जनसंख्यालाई उल्लेखनीय प्रतिकूल असर नपारी सो भन्दा बढी जनसंख्यालाई लाभ हुने उपयोगलाई जनाउनेछ।

न) "सेवा" भन्नाले पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी सेवा सम्झनुपर्दछ।

प) "सेवा प्रणाली" भन्नाले खानेपानी वा सरसफाइ सेवा, प्रदान गर्ने सेवा प्रदायकलाई दिइएको अनुमतिपत्र सम्झनुपर्दछ।

फ) "सेवा शुल्क" भन्नाले सेवा उपभोग गरे बाफत उपभोक्ताले पानी आपूर्तीकर्तालाई बुझाउनुपर्ने महसुल वा सेवा शुल्क सम्झनुपर्दछ र सो शब्दले बिलम्ब शुल्क समेतलाई सम्झनुपर्दछ।

ब) "संरचना" भन्नाले स्रोतबाट खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न, शुद्धिकरण गर्न वा वितरण गर्न बनाईएको जलाशय र सो जलाशयमा जल जम्मा हुन आउने क्षेत्र सम्झनुपर्दछ र सो शब्दले त्यस्तै उद्देश्यले बनाईएको पानी टयाङ्की, फिल्टर ट्याङ्की, पाइप लाइन, निकास, धारा वा त्यस्तै प्रकारका अन्य संरचना समेत सम्झनुपर्दछ।

भ) "सामान्य मर्मत" भन्नाले संरचनाबाट हुने खानेपानीको चुहावट रोकथाम गर्ने, जमिनमा गाडिएका पाइपहरू सतहमा देखिएमा पुर्ने, संरचनाको सरसफाई गर्ने, ईन्टेक, जलाशय, च्याम्बर, धारा आदि बिग्रिएमा जिर्णोद्धार गर्ने तथा धाराको टुटी, भल्व आदि फेर्ने कार्य सम्झनुपर्दछ।

## परिच्छेद २

## खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार र खानेपानी प्रणाली सम्बन्धी व्यवस्था

### ४) खानेपानी तथा सरसफाईमा पहुँचको अधिकार

१. यस नगरपालिकामा रहेका प्रत्येक नागरिकलाई बिना भेदभाव स्वच्छ खानेपानी तथा सरसफामा सहज र सुलभ पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानुन बमोजिम त्यस्तो अधिकारको सम्मान र संरक्षण गरिनेछ।

२. उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत यस नगरपालिकामा प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ।

(क) उपभोक्ता संस्था स्थापना गर्ने अधिकार र स्वच्छ खानेपानी तथा सरसफाईमा सहज र सुलभ पहुँचको अधिकार,

(ख) नियमित रूपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रूपमा पहुँचको अधिकार।

३. यस नगरपालिकाले आफनो क्षेत्रमा रहेका उपभोक्ता संस्थाहरूले आपूर्ती गर्ने खानेपानीको सुविधास्तर निर्धारण गर्नसक्नेछ र यस प्रयोजनका लागि खानेपानीको सुविधास्तरका लागि उपभोक्ता संस्थाहरूसँग छलफल गरी आवश्यक सूचकहरू निर्धारण गर्न सक्नेछ।

### ५) खानेपानीका स्रोतमाथिको अधिकार

१. यस नगरपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गरिनेछ।

२. प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोगसँग सम्बन्धित सिंचाई, जलविद्युत जस्ता आयोजना र अन्य प्रयोजनका लागि प्रयोग गर्नुपर्नेछ।

३. यस ऐन तथा प्रचलित कानुन बमोजिम कुनै उपभोक्ता संस्था वा समुदायले सामुदायिक हित हुने गरी परम्परागत रूपमा वा उपभोक्ता संस्थाका माध्यमबाट घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनका लागि त्यस्तो उपभोक्ता संस्था वा समुदायको अधिकार सुरक्षित रहनेछ।

४. कुनै पनि खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, बस्ती, समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ।

५. खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकुल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा प्रभावित उपभोक्ता संस्थाको सहमति लिनुपर्नेछ।

६. कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्वारा सञ्चालित वा परम्परागत रूपमा सञ्चालित खानेपानी आपूर्ती प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नुपर्नेछ।

७. यस नगरपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी सङ्कलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्था वा निकायलाई अनुमतिपत्र दिनुपूर्व यस नगरपालिका तथा प्रभावित उपभोक्ता संस्था वा समुदायसँग समन्वय गरी कार्य गर्नुपर्नेछ।

## परिच्छेद - ३

## जलस्रोत व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

### ६) पालिकास्तरिय जलस्रोत व्यवस्थापन समिति

खानेपानी उपभोक्ता समिति मुहान दर्ता गर्न, उपभोक्ता समितिको विधान स्वीकृत गर्न, संशोधन गर्न, उपभोक्ता समितिहरू गाभिएर नयाँ बन्न स्वीकृति दिन, पानीको उपयोगको प्राथमिकता तोक्न, पानीमा आधारित व्यवसाय सञ्चालनको स्वीकृति दिन वा नदिन, खानेपानी तथा मुहान सम्बन्धी विवाद मिलाउन, उजुरी उपर कारवाही गर्न, उपभोक्ता समितिले लिने शुल्क स्वीकृत गर्न तथा यस ऐन बमोजिमका अन्य अधिकार प्रयोग गर्न देहाय बमोजिमको एक पालिकास्तरीय जलस्रोत व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) | अध्यक्ष - | नगर प्रमुख |
| ख) | सदस्य - | नगर उप प्रमुख |
| ग) | सदस्य - | सम्बन्धित वडाको वडाध्यक्ष |
| घ) | सदस्य - | सामाजिक विकास शाखाका संयोजक |
| ङ) | सदस्य - | डिभिजन वन कार्यालयका प्रतिनिधि |
| च) | सदस्य - | स्वास्थ्य शाखाको प्रतिनिधि |
| छ) | सदस्य - | नगरपालिकाको इन्जिनियर |
| ज) | सदस्य - | खानेपानी, सरसफाई तथा स्वच्छतासँग सम्बन्धित कर्मचारी वा सम्पर्क व्यक्ति |
| झ) | सदस्य सचिव - | प्रमुख प्रशासकीय अधिकृत |

१. समितिको बैठक समितिका अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ।

२. समितिका सदस्यको ५१ प्रतिशत उपस्थिति भएमा समितिको बैठक बस्न गणपूरक संख्या पुगेको

मानिनेछ।

३. कुनै विषयमा निर्णय गर्नुपर्ने भएमा समितिको उपस्थित सदस्य संख्याको बहुमत सदस्यहरूको मतलाई जलस्रोत समितिको निर्णय मानिनेछ।

४. यस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

५. समितिको निर्णय समितिका सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

६. समितिको कार्यालय शिखर नगर कार्यपालिकाको कार्यालयमा रहनेछ।

७. शिखर नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा सम्पूर्ण कार्य गर्नका लागि एक जना प्राविधिक र कर्मचारीको बन्दोबस्त गरी शाखाको स्थापना गर्नुपर्नेछ।

८. यस समितिमा, समितिले आवश्यक देखेमा नगरपालिकाका प्राविधिक, विषयगत शाखा प्रमुखहरू, सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधि, छिमेकी पालिकाका प्रतिनिधी, विशेषज्ञ आदिलाई आमन्त्रित गर्नसक्नेछ।

## परिच्छेद ४

## खानेपानी तथा सरसफाइ सुविधाको जिम्मेवारी तथा दायित्व

७) जिम्मेवारी तथा दायित्वको बाँडफाँड

१. खानेपानी सेवा सरसफाइ सेवा र आयोजनाको अनुमतिपत्र प्रदान, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुनेछ।

२. उपदफा (१) बमोजिमको कार्यका लागि स्थानीय तहको जिम्मेवारी तथा दायित्व देहाय बमोजिम रहनेछः-

क) स्थानीय तहको जिम्मेवारी र दायित्वः-

१) स्थानीय स्तरमा आधारभूत खानेपानी तथा सरसफाइ सेवा

२) सरसफाई सम्बन्धी जनचेतना अभिवृद्धि

३) फोहोरपानी व्यवस्थापन प्रणालीको सञ्चालन

४) तोकिए बमोजिमको क्षेत्रमा तोकिए बमोजिमको लागत अनुमान वा जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना

५) स्थानीय तहबाट सञ्चालित खानेपानी तथा सरसफाइ आयोजनाको मर्मत सम्भार र पुनःस्थापना

३. उपदफा (२) को खण्ड (क) बमोजिमको जिम्मेवारी र दायित्व रहने विषयको कार्यान्वयन सम्बन्धित स्थानीय तहको कानुन बमोजिम हुनेछ।

४. आफ्नो क्षेत्रभित्रको खानेपानी तथा सरसफाइको नियमन गर्ने अधिकार उपदफा (२) मा उल्लेख भए बमोजिम स्थानीय तहलाई हुनेछ।

५. यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अत्यावश्यक खानेपानी तथा सरसफाइ आयोजनाका लागि बढी लागत वा विशिष्टिकृत प्राविधिक दक्षता आवश्यक पर्ने भौगोलिक जटिलता तथा जनशक्तिको अभावका कारणले पालिका स्वयंले उक्त आयोजना सञ्चालन गर्न नसक्ने भएमा आयोजना कार्यान्वयनका लागि स्थानीय तहले संघीय र प्रदेश सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

## परिच्छेद ५

## खानेपानीको प्राथमिकता, मूल दर्ता तथा स्वामित्व

८) खानेपानीको स्वामित्व

१. यस शिखर नगरपालिकाभित्र रहेको खानेपानीको स्वामित्व नगरपालिकामा निहित रहनेछ।

क) खानेपानीको उपयोग

१. यस ऐन बमोजिम अनुमति प्राप्त नगरी कसैले पनि खानेपानीको उपयोग गर्न पाउनेछैन।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम खानेपानीको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन।

(क) व्यक्तिगत वा सामुदायिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न।

(ख) व्यक्तिगत वा सामुदायिक रूपमा आफ्नो जग्गामा सिंचाई गर्न,

(ग) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको खानेपानी तोकिए बमोजिम उपयोग गर्न,

३. खानेपानी उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ।

९) खानेपानी उपयोगको प्राथमिकताक्रम

१. खानेपानी उपयोग गर्दा साधारणतया: देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछः-

(क) खानेपानी र घरेलु उपयोग

(ख) सिंचाई

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग

(घ) अन्य

१०) खानेपानी मूल दर्ता

१. कुनै प्राकृतिक पानी उत्पादन (मूल, ताल, खोला) को स्रोतबाट सङ्कलन गरि खानेपानी व्यवस्थापन गर्न चाहने व्यक्ति वा समूहले नगरपालिका कार्यालयको सम्बन्धित शाखामा खानेपानी सङ्कलन मुख्य स्रोत (मूल) दर्ताका लागि अनुसूची- १ बमोजिम निवेदन दिई अनुसूची २ बमोजिम अनुमति दर्ता प्रमाणपत्र लिनुपर्नेछ।

२. पानीको मुख्य स्रोत कुनै व्यक्ति वा संस्थाको निजी जग्गामा मुल खानेपानी समितिको नाममा दर्ता गर्नुपरेमा उक्त जग्गाधनीको मञ्जुरीनामा पेश गर्नुपर्नेछ।

३. दफा (९) मा जुनसुकै कुरा लेखिए तापनि विगतदेखि नै सामुदायिक रूपमा प्रयोग भएको निजी मुल वा पालिकास्तरीय समितिले अति आवश्यक ठानेको निजी जग्गामा रहेको मुल पालिकास्तरीय जलस्रोत समितिले निर्णय गरी सार्वजनिक प्रयोगका लागि व्यवस्था गरिदिन सक्नेछ।

४. कुनै पनि व्यक्तिको निजी जग्गामा भएको वा नभएको कुनै पनि मुल एक व्यक्तिको नाममा दर्ता गर्न सकिनेछैन।

५. परम्परादेखि नै समुदायले प्रयोग गरिरहेको निजी जग्गामा रहेको पानीको मुलमाथि जग्गाधनीले समुदायले प्रयोग गर्न नमिल्ने गरि बन्देज लगाउन पाईनेछैन।

६. संघीय तथा प्रदेश कानुन बमोजिम स्वीकृति लिएर नगरपालिकाभित्र सञ्चालन हुने पानीमा आधारित व्यवसाय तथा उपभोक्ता समितिले समेत नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ।

७. कुनै पनि स्थानमा डिप बोरिङ गरी पानीको व्यवस्थापन गर्नुपर्दा भूगर्भविद्को प्रतिवेदनका आधारमा पानीको स्रोत यकिन गरेर मात्र अनुमति दिनुपर्नेछ, साथै सो कार्य प्रारम्भ गर्नुअघि पालिकास्तरीय जलस्रोत समितिको सिफारिस लिएर मात्र काम गर्न सकिनेछ।

## परिच्छेद ६

## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन सम्बन्धी व्यवस्था

### ११) खानेपानी तथा सरसफाई सेवा उपलव्ध गराउनुपर्ने

१. स्थानीय तहले स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ।

२. यस ऐन तथा प्रचलित कानुन बमोजिम अनुमति लिनुनपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त सङ्गठित संस्थाले आफ्नो सेवा क्षेत्रभित्रका खानेपानी तथा सरसफाइ उपभोक्ताहरूले नियमित र न्यायोचित रूपमा खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्न पाउने गरी आवश्यक व्यवस्था गर्नुपर्नेछ।

३. आफ्नो सेवा क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा कुनै पनि भेदभाव गर्न पाईनेछैन।

४. यस ऐन बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा औद्योगीक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नुपर्नेछ।

५. घरायसी तथा सार्वजनिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनका लागि यस नगरपालिकाले उपभोक्ता संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

६. यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले आपसी सम्झौता गरी घरेलु, सार्वजनिक, संस्थागत, व्यवसायिक तथा औद्योगीक प्रयोजनको लागि प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी थोक रूपमा खरिद बिक्री गर्नसक्नेछ।

७. कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा नगरपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपुर्ती गर्नुपर्नेछ र मर्मत सम्भार अवधिमा खानेपानी आपुर्तीका लागि अस्थायी वा वैकल्पिक व्यवस्था गर्नुपर्नेछ।

८. अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा पानी उपयोग गरे पश्चात् निस्कने फोहोरपानीको व्यवस्थापनका लागि त्यस्ता व्यवसायिक उपभोक्तासँग आपसी सम्झौता गरी सेवा प्रदान गर्नुपर्नेछ।

### १२) धारा तथा मिटर जडान

१. यस ऐन बमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्ताले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था समक्ष निवेदन दिनुपर्नेछ।

२. उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्था वा अनुमतिपत्र-प्राप्त संस्थाले निर्धारित शुल्क लिई समयमा नै धारा तथा मिटर जडान गरिदिनुपर्नेछ।

३. उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्रभित्रका धाराहरूमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलब्ध गराउनुपर्नेछ।

१३) ढल निकास सेवा सञ्चालन

१. यस ऐन बमोजिम खानेपानी सेवा सेवा प्रदान गर्दा निस्किएको फोहोर पानीको व्यवस्थापनका लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले ढल निकास सेवा सञ्चालन गर्नुपर्नेछ।

२. उपदफा (१) बमोजिम ढल निकास सेवा सञ्चालन गर्दा ढल निकास सेवा उपयोग गर्न उपभोक्ताबाट संस्थाले निर्धारित दरमा ढल निकास सेवा शुल्क लिनसक्नेछ।

१४) नगरपालिकाले खानेपानीको उपयोग वा विकास गर्नसक्ने

१. नगरपालिकाले आफैंले कुनै खानेपानीको उपयोग वा विकास गर्नमा यस ऐनको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

२. कसैले यस ऐन बमोजिम उपयोग गरेको खानेपानी र सो सँग सम्वन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि नगरपालिकाले आफूले लिई विकास गर्न सक्नेछ।

३. उपदफा (२) बमोजिम आफूले लिएको खानेपानीको उपयोगसँग सम्बन्धित जग्गा, भवन, उपकरण वा संरचना बापत नगरपालिकाले सम्वन्धित व्यक्ति/संस्थालाई दिनुपर्ने अवस्था भएमा मूल्याङ्कन गरी न्यूनतम क्षतिपूर्ति दिनसक्नेछ।

४. उपदफा (३) बमोजिम दिईने क्षतिपूर्तिको रकम उपदफा (२) बमोजिम नगरपालिकाले लिएको जग्गा, भवन, उपकरण तथा संरचनाको वर्तमान मूल्य (त्यसमा भएको टुटफुट र साधारण प्रयोगबाट भएको ह्रास कटाइ) को आधारमा निर्धारित गरिनेछ।

५) नगरपालिकाले हाल स-साना समुदाय/क्षेत्रमा खानेपानीका मुहानहरुबाट उपभोक्ताहरुलाई पानी उपलब्ध गर्न गठित उपभोक्ता समितिहरु, ठुलो समुदाय/क्षेत्रमा उपभोक्ताहरुलाई पानी आपूर्ती गराउनका लागि हाल विद्यमान त्यस्ता खानेपानी उपभोक्ता समितिहरु निष्क्रिय गरी खानेपानीको सेवा प्रदान गरिने सम्पूर्ण क्षेत्रमा सेवा पुर-याउनका लागि एउटा नयाँ बृहत खानेपानी तथा सरसफाइ समिति गठन गर्नसक्नेछ। नयाँ समिति गठन गर्दा देहाय बमोजिमका कुराहरु अबलम्बन गरिनेछः-

१) नगरपालिकाले ठुलो समुदाय/क्षेत्रमा उपभोक्ताहरुलाई पानी आपूर्ती गराउनका लागी उक्त क्षेत्रभित्र कार्यरत हाल अस्तित्वमा रहेका सबै खानेपानी उपभोक्ता समितिहरुको लगत लिनेछ।

- लगत दिदा समितिहरुले आफ्नो विधानको प्रतिलिपि १ प्रति,
- हालको समितिको सदस्य सँख्या,
- समितिको आर्थिक अवस्था, समितिले सेवा प्रदान गरिरहेको दायरा जस्तैः- सेवा दिदै आईरहेको घर संख्या, सार्वजनिक धाराको संख्या, सार्वजनिक शौचालय संख्या,
- उपयोग गरिरहेको जग्गा, भवन, उपकरण वा संरचना समेतको विवरण अनुसुची ६ बमोजिम दिनुपर्नेछ।

२) अनुसूची ६ प्राप्त भै सके पश्चात् शिखर नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन समितिले हालसम्म कार्यरत खानेपानी उपभोक्ता समितिहरु निष्क्रिय भएको निर्णय गर्नेछ। नयाँ बन्ने उपभोक्ता समितिले यस ऐन बमोजिम शिखर नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन ऐन, २०८१ बमोजिमको प्रक्रिया अपनाउनुपर्नेछ।

३) उपदफा(१) मा उल्लेख भएका सेवाको दायरा, चल अचल सम्पत्ती आदि नगरपालिकाको स्वमित्वमा रहने र आवश्यकता अनुसार नयाँ गठन भएको खानेपानी तथा सरसफाइ समितिलाई हस्तान्तरण गरिनेछ।

## परिच्छेद ७

## खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको गठन, दर्ता तथा सञ्चालन

### १५) समिति गठन गर्न निवेदन

१. सामुहिक लाभका लागि संस्थागत रूपमा खानेपानीको उपयोग गर्न चाहने व्यक्तिहरूले खानेपानी उपभोक्ता समिति गठन गर्न निवेदन पेश गर्न सक्नेछन्।

२. उपदफा (१) बमोजिम गठन गरिने उपभोक्ता समिति गठन गर्दा ७ देखि ११ सदस्यीय हुने गरी गठन गर्नुपर्नेछ। प्रमुख तीन(अध्यक्ष, सचिव र कोषाध्यक्ष) पदमध्ये कम्तीमा एक पद अनिवार्य रूपमा महिला सदस्यका लागि छुट्याउनुपर्नेछ। कार्यसमितिमा कुल सँख्याको ३३ प्रतिशत महिला हुनुपर्नेछ।

### १६) प्रमाणपत्र तथा नवीकरण

१. खानेपानी उपभोक्ता समिति दर्ताको प्रमाणपत्र प्रत्येक आर्थिक वर्ष अन्त्य भएको मितिले ३ महिनाभित्र अनिवार्य रूपमा नवीकरण गर्नुपर्नेछ। तीन महिनासम्म पनि नवीकरण नगरेमा ६ महिना (पौष मसान्त) भित्र नवीकरण गर्न आएमा तोकिएको जरीवाना लिई नवीकरण गरि दिन सकिनेछ। ६ महिनासम्म पनि नवीकरण नगर्ने खानेपानी समिति स्वतः खारेज भएको मानिनेछ।

२. उपभोक्ता समिति दर्ताका लागि निवेदन दर्ता दस्तुर, समिति दर्ता दस्तुर, नवीकरण दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ। आर्थिक ऐनमा उल्लेख नभएसम्मका लागि निवेदन दस्तुर रु.५०।- (पचास रुपैयाँ), समिति दर्ता दस्तुर रु.५००।-(पाँच सय रुपैयाँ), नवीकरण दस्तुर वार्षिक रु २५०।- (दुई सय पचास रुपैयाँ), र जरीवाना रु. १००।- (एक सय रुपैयाँ) तिर्नुपर्नेछ।

१७) समिति सङ्गठित संस्था मानिने

१. यस ऐन अन्तर्गत दर्ता भएको समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ। सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

२. समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्नसक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

१८) उपभोक्ता संस्था वा समितिको विधान

१. उपभोक्ता संस्थाको एउटा विधान हुनेछ।

२. उपभोक्ता संस्था वा समितिको विधान संशोधन गर्नुपरेमा संस्थाका तत्काल कायम रहेका सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतले साधारणसभाबाट पारित गरी प्रमुख प्रशासकिय अधिकृत समक्ष निवेदन दिनुपर्नेछ।

१९) उपभोक्ता संस्था दर्ता

१. प्राकृतिक पानीलाई खानेपानी रूपमा उपयोग गर्न, उपभोक्ता संस्था दर्ता गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले आवश्यकता अनुसार विवरण खुलाई तोकिएको दस्तुर तिरेको रसिद सहित पालिका स्तरीय जलस्रोत समिति समक्ष अनुसूची ३ बमोजिमको निवेदन दिनुपर्नेछ। निवेदन पेश गर्दा देहाय बमोजिमको विवरण सहित पेश गर्नुपर्नेछ।

क) समितिको नाम,

ख) उद्देश्यहरू,

ग) समितिका सदस्यहरूको नाम, ठेगाना र पेशा,

घ) कार्यालयको ठेगाना।

ङ) समिति सञ्चालनको विधि र प्रक्रिया

२. उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि नगरपालिका प्रमुखको आदेशानुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझका लागि सम्बन्धित सरोकारवालाहरूको जानकारीका लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशन गरि सम्बन्धित वडा, मुहान क्षेत्र तथा सार्वजनिक क्षेत्रमा सूचना टाँस गरी राय मागी विवाद भए नभएको तथा मुहान, उपभोक्ता समिति दर्ता गर्न उपयुक्त भए नभएको जाँचबुझ गर्नुपर्नेछ।

३. जाँचबुझको क्रममा कुनै कागजात नपुग भएमा प्रमुख प्रशासकीय अधिकृतले १५ दिनभित्र आवश्यक थप कागजात पेश गर्न लगाउन सक्नेछ।

४. प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक लागेमा पालिकाका प्राविधिकहरूलाई स्थलगत सर्वेक्षणका लागि खटाउन सक्नेछ। यसरी खटिने प्राविधिक समितिले मुहानको स्थिति, पानीको मात्रा, वर्तमान प्रयोग, आर्थिक, सामाजिक, वातावरणीय तथा अन्य प्रभाव, विवादको स्थिति लगायतका विषयहरू खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

५. प्रमुख प्रशासकिय अधिकृतले आवश्यक जाँचबुझ गरी उपभोक्ता समिति दर्ता गर्न उचित ठानेमा उपदफा (४) बमोजिमको प्रतिवेदन नगरपालिका स्तरिय जलस्रोत व्यवस्थापन समितिमा पेश गरी नगरपालिका स्तरीय जलस्रोत समितिको निर्णय बमोजिम समितिको विधान स्वीकृत गरेर उपभोक्ता समिति दर्ता गरी प्रमाणपत्र दिनेछ। नगरपालिका स्तरीय जलस्रोत व्यवस्थापन समितिले कुनै उपभोक्ता समिति दर्ता नगर्ने निर्णय गरेमा सो को जानकारी प्रमुख प्रशासकीय अधिकृतले निर्णय भएको ३० दिनभित्र सम्बन्धित निवेदकलाई दिनुपर्नेछ।

६. प्रमुख प्रशासकीय अधिकृतले प्रारम्भिक जाँचबुझ बमोजिम कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई निवेदन दिएको ३० दिनभित्र दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर नगरपालिका प्रमुख समक्ष उजुर गर्न सक्नेछ।

७. उपदफा (६) बमाजिमको उजुरी प्राप्त भएपछि पालिका प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहरिएमा सो समिति दर्ता गर्ने प्रक्रियाका लागि नगरपालिका स्तरीय जलस्रोत समितिमा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिनसक्नेछ र नगरपालिका स्तरीय जलस्रोत समितिले दर्ता गर्न उचित रहेको निर्णय गरेमा प्रमुख प्रशासकीय अधिकृतले उपभोक्ता समिति दर्ता गरिदिनुपर्नेछ।

२०) दोहोरो उपभोक्ता संस्था दर्ता नगरिने

१. कुनै स्रोतको उपभोग गर्न कुनै उपभोक्ता संस्था दर्ता भईसकेपछि त्यस्तो उपभोक्ता संस्थाले उपभोग गर्ने पानीको परिमाणमा कटौती हुने गरी सोही संस्थाको कार्यक्षेत्रभित्र अर्को उपभोक्ता संस्था दर्ता गरिनेछैन।
२. उपदफा १ मा जुनसुकै कुरा उल्लेख गरेको भएतापनि सेती नदिको हक वा ठूलो स्रोत भएको स्थानको लागि लागू हुनेछैन।

२१) स्रोतको पानीमा उपभोक्ता संस्थाको अधिकार कायम रहने

१. दफा १९ बमोजिम उपभोक्ता संस्था दर्ता भएपछि उपभोक्ता संस्थाले उपयोग गर्न तोकिएको हदसम्मको परिमाण बराबर पानीको स्रोतमा उपभोक्ता संस्थाको अधिकार कायम रहनेछ।

## परिच्छेद–८

## संरचनाको सुरक्षा र मर्मत सम्भार

२२। गुणस्तर कायम राख्नुपर्ने

१. जलस्रोत ऐन, २०४९ को दफा १८, राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ बमोजिम खानेपानीका लागि निर्धारण गरेको गुणस्तरीय पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराउने खानेपानीमा कायम राख्नुपर्नेछ।

२. खानेपानी आपूर्तिकर्ताले वार्षिक रूपमा हिउँद र वर्षा याममा गरी कम्तीमा दुई पटक पानीको गुणस्तर जाँच गर्नुपर्नेछ।

२३। पानीको स्रोतलाई प्रदूषित बनाउन नहुने

१. पानी आपूर्तिकर्ता वा अन्य जो कोही व्यक्तिले पानीको स्रोतमा प्रदूषण हुने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरू गर्नुहुँदैन।

२४। वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने

१. पानी आपूर्तिकर्ताले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरू गर्नुहुँदैन।

२५। खानेपानी प्रणालीको मर्मत

१. पानी आपूर्तिकर्ताले आफ्नै स्रोत र साधनको प्रयोग गरी खानेपानी प्रणालीको सामान्य मर्मत गर्नुपर्नेछ।

२. पानी आपूर्तिकर्ताले आफ्नै स्रोत र साधनले मात्र खानेपानी प्रणालीको सामान्य मर्मत गर्न नसक्ने भएमा सम्बन्धित नगरपालिकाको र विभिन्न निकायसँग आवश्यक परामर्श, प्राविधिक सहयोग, आर्थिक सहयोग माग गरी खानेपानी प्रणाली सामान्य मर्मत तथा विकास गर्नुपर्नेछ।

३. उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुमतिपत्र प्राप्त खानेपानी आफैले सञ्चालन गरेको खानेपानी प्रणालीको सम्पूर्ण मर्मत आफैले गर्नुपर्नेछ।

२६। खानेपानी प्रणाली मर्मत कोषको व्यवस्था

१. खानेपानी आपूर्तिकर्ताले स्थापना समयदेखि खानेपानी मर्मत कोषको व्यवस्था गर्नुपर्नेछ।

२. खानेपानी प्रणाली मर्मत गर्नको लागी प्रत्येक उपभोक्ताबाट लिएको शुल्कबाट न्यूनतम रकम छुट्याउनुपर्नेछ।

## परिच्छेद– ९

## सेवा शुल्क सम्बन्धी व्यवस्था

२७। सेवा उपभोगका शर्तहरू तोक्न र सेवा शुल्क असूल उपर गर्न पाउने

१. अनुमतिपत्र प्राप्त खानेपानी आपूर्तीकर्ताले आफूले विकास गरेको खानेपानी प्रणालीबाट उपलब्ध गरेको सेवा उपयोग गर्ने उपभोक्ताको आपसी शर्तको आधारमा खानेपानी उपलब्ध गराउन र त्यस्तो सेवा बापत शुल्कको दर निर्धारण र असूल उपर गर्नसक्नेछ।

२. उपदफा १ बमोजिम सेवा शुल्क निर्धारण गर्दा पानी आपूर्तिकर्ताले खानेपानी प्रणालीको सञ्चालन तथा मर्मत सम्भार गर्दा लाग्ने लागत सम्बन्धमा नगरपालिकाको खानेपानी शाखाको प्राविधिक सहयोग लिई सेवा शुल्कको दर निर्धारण गर्नुपर्नेछ।

२८) नगद वा जनश्रमबाट सेवा शुल्क उठाउनसक्ने

१. दफा २७ को उपदफा (१) बमोजिम खानेपानी आपूर्तीकर्ताले निर्धारण गरेको सेवा शुल्क पानी आपूर्तिकर्ताले उपभोक्तासँग नगद वा जनश्रमदानको माध्यमबाट पनि उठाउन सक्नेछ।

२९) सेवा शुल्क बुझाउने तरीका र म्याद

१. उपभोक्ताले सेवा शुल्क बुझाउने तरीका र म्याद, पानी आपूर्तीकर्ताले तोकिदिए बमोजिम हुनेछ।

२. खानेपानी आपूर्तीकर्ताले उपभोक्तासँग सेवा शुल्क लिएपछि त्यसको रसिद दिनुपर्नेछ।

३०) विलम्ब शुल्क

१. उपभोक्ताले पानी आपूर्तीकर्ताले निर्धारण गरेको समयमा सेवा शुल्क नबुझाएमा बिलम्ब शुल्क बुझाउनुपर्नेछ।

२. उपदफा (१) बमोजिम बुझाउनुपर्ने बिलम्ब शुल्कको रकम अनुमतिपत्र प्राप्त आपूर्तीकर्ताले तोकिएको बमोजिम हुनेछ।

३१) खानेपानीको परिमाण नाप गर्ने इकाईः

१. सेवा शुल्क दर निर्धारण गर्ने प्रयोजनका लागि आपूर्तीकर्ताले उपलब्ध गर्ने खानेपानी उपयोग मापन यन्त्र (घन मिटर/हजार, लिटर प्रति महिना) ले देखाएको खानेपानीको परिमाण लिई र आपूर्तिकर्ताले सेवा शुल्क निर्धारण गरेको बमोजिम कायम गर्नुपर्नेछ।

३२) खानेपानी उपयोग मापक यन्त्र जडान गर्नेः

१. पानी आपूर्तीकर्ताले सेवा शुल्क निर्धारण गर्ने प्रयोजनका लागि उपभोक्ताले उपयोग गर्ने खानेपानीको परिमाणको नाप गर्न प्रत्येक उपभोक्ताको धारामा आवश्यक सिल लगाई खानेपानी उपयोग मापक यन्त्र जडान गरी दिनुपर्नेछ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष परिस्थितिमा वा सरलीकरणका लागि पानी आपूर्तिकर्ताले खानेपानी मापक यन्त्र जडान नगरेर पनि उपभोक्तालाई सेवा उपलब्ध गराउन सक्नेछ।

३. उपदफा (१) बमोजिम जडान भएको खानेपानी उपयोग मापक यन्त्र बिग्रिएमा, नासिएमा वा अरु कुनै कारणबाट काम नलाग्ने भई उपयोग गरेको पानीको परिमाणमा नाप गर्न नसक्ने भएमा उपभोक्ताले सो कुराको सूचना यथाशक्य छिटो पानी आपूर्तीकर्तालाई दिनुपर्नेछ।

४. उपदफा (३) बमोजिम सूचना प्राप्त हुन आएमा पानी आपूर्तीकर्ताले यथासक्य छिटो सम्बन्धित उपभोक्ताको धारामा जडान गरिएको खानेपानी उपयोग मापक यन्त्रको मर्मत सम्भार गर्न वा त्यस्तो धारामा नयाँ खानेपानी उपयोग मापक यन्त्र जडान गरिदिनुपर्नेछ।

५. खानेपानी उपयोग मापक यन्त्रमा पानी आपूर्तीकर्ताले लगाईएको सिल पानी आपूर्तीकर्ताको तर्फबाट खटिई आएको व्यक्ति बाहेक अन्य व्यक्तिले फेर्न वा खोल्नु हुँदैन।

परिच्छेद-१०

सेवा उपयोग सम्बन्धी व्यवस्था

३३) सेवा उपलब्ध गराउने आधार

१. पानी आपुर्तीकर्ताले सेवा उपलब्ध गराउँदा देहायका विषयलाई आधार बनाउनेछ:-

(क) भौगोलिक स्थिति,

(ख) जनसंख्या,

(ग) स्रोतमा उपलब्ध हुनसक्ने पानीको परिमाण,

(घ) संरचनाको क्षमता,

(ङ) अन्य प्राविधिक कुराहरू।

३४) सेवा उपयोग गर्न प्राथमिकता दिने

१. पानी आपुर्तीकर्ताले दफा (३३) बमोजिम निर्धारित आधारहरूको अधीनमा रही देहायका उपभोक्तालाई सेवा उपयोग गर्न प्राथमिकता दिनेछ।

(क) स्वास्थ्य चौकी, अनाथालय, बृद्धाश्रम तथा सामाजिक संस्था, धार्मिक संस्था

(ख) बाढी, आगलागी, महामारी रोग व्याध फैलिई वा त्यस्तै अन्य कुनै प्राकृतिक प्रकोपको कारणले अस्थायी रुपमा खडा गरिएको शिविर,

(ग) विद्यालय, छात्रावास, प्रहरी चौकी, सरकारी, अर्धसरकारी वा गैर सरकारी कार्यालय तथा त्यस्तो कार्यालयको कर्मचारीको आवास गृह,

(घ) सर्वसाधारण नागरिकको आवास गृह,

(ङ) अत्यन्त जरुरी सार्वजनिक महत्वको निर्माण कार्य,

(च) उद्योग तथा कारखाना भए त्यस्तो उद्योग र कारखानामा काम गर्ने कामदारहरू।

२. उपदफा (१) मा लेखिए देखि बाहेक सेवा उपलब्ध गराउने प्राथमिकताको क्रम निर्धारण गर्दा पानी आपुर्तीकर्ताले सम्बन्धित नगरपालिका र अन्य निकायहरुसँग आवश्यक परामर्श गर्नेछ।

३५) उपभोक्ता हुनका लागि दरखास्त दिनुपर्ने

१. पानी आपुर्तीकर्ताबाट सेवा उपयोग गर्न चाहने व्यक्ति वा निकायले पानी आपुर्तीकर्ताले तोकिदिएको ढाँचामा पानी आपुर्तीकर्ता समक्ष दरखास्त दिनुपर्नेछ।

२. उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएपछि पानी आपूर्तिकर्ताले दरखास्तवालाको माग बमोजिम सेवा उपलब्ध गराउन सकिने नसकिने सम्बन्धमा प्राविधिक तथा अन्य आवश्यक कुराहरूको जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा सेवा उपलब्ध गराउन सकिने भएमा सेवा उपलब्ध गराउँदा लाग्ने लागत रकमको इष्टमेट गरी रकम जम्मा गर्न दरखास्तवालालाई म्याद सहितको सूचना गर्नेछ।

३. उपदफा (२) बमोजिम दिईएको म्याद सहितको सूचना अनुसार दरखास्तवालाले रकम जम्मा गरेमा पानी आपूर्तीकर्ताले त्यस्तो व्यक्तिको नाम उपभोक्ताको सूचीमा समावेश गराई निजलाई सेवा उपलब्ध गराउनुपर्नेछ।

४. उपदफा (२) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालालाई सेवा उपलब्ध गराउन नसकिने भएमा त्यसको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनुपर्नेछ।

५. उपदफा (४) बमोजिम पानी आपुर्तीकर्ताको निर्णय उपर चित्त नबुझे दरखास्तवालाले नगरपालिका कार्यालय समक्ष उजुरी दिन सक्नेछ।

६. उपदफा (५) बमोजिम उजुरी प्राप्त भएपछि नगरपालिका कार्यालयले सो उजुरी उपर आवश्यक जाँचबुझ गरी उपयुक्त आदेश दिनसक्नेछ र त्यस्तो आदेश सम्बन्धित पानी आपुर्तीकर्ता र उजुरीकर्ता दुवैलाई मान्य हुनेछ।

३६) शर्तहरू तोक्ने

१. खानेपानी आपुर्तीकर्ताले उपभोक्तालाई सेवा उपलब्ध गराउँदा, नगरपालिकाले तोकेको शर्तहरू विपरीत नहुने गरी आवश्यक शर्तहरू तोक्न सक्नेछ।

२. कुनै उपभोक्ताले उपदफा (१) विपरीत कुनै काम गरेमा पानी आपूर्तिकर्ताले त्यस्तो उपभोक्तालाई प्रदान गरेको सेवा कटौती गर्नसक्नेछ।

३. उपदफा (१) बमोजिम पानी आपूर्तिकर्ताले शर्तहरू तोक्दा नगरपालिका कार्यालयबाट आवश्यक परामर्श गर्नुपर्नेछ।

३७) सेवा कटौती गर्नसक्ने

१. संरचनाको क्षमता भन्दा बढी परिमाणमा खानेपानीको माग भई माग अनुसारको सेवा उपलब्ध गराउन नसक्ने अवस्था भएमा पानी आपुर्तीकर्ताले दफा ३४ बमोजिम निर्धारित प्राथमिकता क्रमको आधारमा उपभोक्ताहरूलाई आंशिक वा पूर्ण रूपमा सेवामा कटौती गर्नसक्नेछ।

२. उपदफा (१) बमोजिम सेवा कटौती गर्दा पानी आपूर्तिकर्ताले समिति, वडा वा पालिकासँग परामर्श गर्नुपर्नेछ।

३. सेवा बन्द गर्नसक्नेः- देहायका अवस्थामा पानी आपुर्तीकर्ताले उपभोक्तालाई प्रदान गरेको सेवा बन्द गर्नसक्नेछः–

(क) उपभोक्ताले सेवा उपयोग गरे बाफत बुझाउनुपर्ने सेवा शुल्क नबुझाएमा वा शुल्क नबुझाएसम्म,

(ख) उपभोक्ताले पानी आपूर्तिकतासँग गरेको सम्झौतामा उल्लिखित कुनै शर्त उल्लङ्घन गरेमा त्यस्तो शर्त पूरा नगरेसम्म,

(ग) संरचना क्षतिग्रस्त भएमा वा हुने सम्भावना भएमा आवश्यक मर्मत सम्भार नगरेसम्म,

(घ) स्रोतको पानी प्रदूषित भई वा अन्य कुनै कारणले स्वास्थ्यको दृष्टिकोणले उपयोगी नभएसम्म।

## परिच्छेद– ११
## दण्ड, जरिवाना, उजुरी

३८) दण्ड सजाय

१. दफा १० बमोजिम मूल दर्ता नगराई समिति स्थापना गरेमा वा दर्ता नगरी समिति सञ्चालन गरेमा त्यस्ता समितिका सदस्यहरूलाई पालिकाले जनही न्युनतम दुई हजार रुपैयाँदेखि अधिकम पाँच हजार रूपैयाँसम्म जरिवाना गर्नसक्नेछ र यस्तो समितिलाई खारेज समेत गर्नसक्नेछ।

२. साधारणसभा तथा परिक्षण बमोजिमका विवरणहरू पालिकामा नपठाएमा कार्यसमितिका सदस्यहरूलाई पालिकाले जनही एक हजार रुपैयाँदेखि अधिकतम तीन हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ। तर, कुनै सदस्यले दफा ३८ उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिनेछैन।

३. प्रमुख प्रशासकिय अधिकृतले हिसाब जाँच गर्ने, सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने, सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई पालिकाले एक हजार रुपैयाँदेखि अधिकतम तीन हजार रुपैंयासम्म जरीवाना गर्न सक्नेछ।

४. सँस्थाको उद्देश्यहरूमा हेरफेर तथा विधान सँशोधन गर्नपालिकाको स्वीकृति नलिई समितिको उद्देश्य तथा विधानमा हेरफेर गरेमा वा अर्का समितिसँग गाँभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा पालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो गर्ने समितिको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ।

कसैले बदनियतपूर्वक पानीको मुहान, संरचना आदिमा क्षति पुग्ने काम गरेमा, बिगारेमा, भत्काएमा तथा कुनै

५. कसैले बदनियतपूर्वक पानीको मुहान, संरचना आदिमा क्षति पुग्ने काम गरेमा, बिगारेमा, भत्काएमा तथा कुनै पनि पदार्थ या रसायन प्रयोग गरी पानी प्रदुषित वा विषाक्त पारेमा पालिकाले प्रचलित कानुन बमोजिम कारवाही गर्न तथा बिगो असुल उपर गर्न सक्नेछ।

३९) उजुरी तथा पुनरावेदन दिनसक्ने

१. कुनै जलस्रोतको कुनै समितिले उपयोग गर्दा कसैलाई मर्का परेमा वा समितिले लाभग्राही क्षेत्रभित्रका व्यक्तिलाई पानीको उपयोग गर्न नदिएमा मर्का परेको व्यक्ति वा संस्थाले त्यसको व्यहोरा खुलाई नगरपालिका स्तरीय जलस्रोत व्यवस्थापन समितिमा उजुरी दिन सक्नेछ।

२. उपदफा (१) बमोजिम उजुरी प्राप्त हुन आएमा शिखर नगरपालिका कार्यालयले आवश्यकता अनुसार समिति र नगरपालिकासँग परामर्श गरी आवश्यक आदेश दिन सक्नेछ र त्यसरी दिएको आदेश सम्बन्धित पानी आपूर्तीकर्ता वा उपभोक्तालाई मान्य हुनेछ।

४०) स्रोत उपयोग सम्बन्धमा निर्णय गर्नसक्ने

१. कुनै स्रोतको उपयोगबाट कसैलाई मर्का पर्ने भएमा मर्का पर्ने व्यक्ति वा सङ्गठित संस्थाले त्यसको कारण खुलाई स्रोत उपयोग विवाद निवारण समिति समक्ष उजुरी गर्न सक्नेछ।

## परिच्छेद– १२
## विविध

४१) क्षतिपूर्ति माग गर्नसक्ने

१. यस ऐनको दफा १४ को उपदफा ३. को प्रयोजनका लागि क्षतिपुर्ती निर्धारण गर्न नगरपालिकाको जलस्रोत व्यवस्थापन समिति वा समितिले गठन गरेको प्रतिनिधीहरू रहेको एक क्षतिपुर्ती निर्धारण समिति रहनेछ।

२. उपदफा (१) बमोजिमको समितिले सम्बन्धित जग्गाको जग्गाधनीलाई वास्तविक रूपमा पर्न गएको हानी नोक्सानीको मुल्याङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ।

४२) अरुको घरजग्गाको उपयोग वा प्राप्ति

१. खानेपानीको प्रणाली निर्माणका लागि कुनै पनि काम गर्न अरू कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त खानेपानी आपूर्ती सँस्थाले नगरपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

२. उपदफा (१) बमोजिम स्रोत उपयोगका लागि कसैको निजी घर जग्गा उपयोग वा प्राप्त गर्नु परेमा अनुमतिपत्र प्राप्त आपूर्तीकर्ताले नगरपालिका स्तरिय जलस्रोत समिति समक्ष निवेदन दिनुपर्नेछ।

३. उपदफा (१) बमोजिम निवेदन परेमा नगरपालिकाले सो निवेदन सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदकको माग बमोजिमको घर जग्गा उपलब्ध गराईदिन आवश्यक देखिएमा प्रचलित कानुन बमोजिम सङ्गठित संस्थालाई घरजग्गा उपलब्ध गराई दिए सरह निवेदकलाई घरजग्गा उपलब्ध गराई दिनेछ।

४३) प्रयोग गर्न निषेध गरिएको घरजग्गाको क्षतिपुर्ती

१. ऐनको दफा १४ बमोजिम अनुमतिपत्र प्राप्त आपुर्तीकर्ताले खानेपानी प्रणालीको विकास वा उपयोग सम्बन्धी कुनै निर्माण कार्य गरी नगरपालिकाले त्यस्तो निर्माण कार्यको सुरक्षाका लागि आवश्यक पर्ने घरजग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानी नोक्सानी बापत अनुमतिपत्र प्राप्त आपुर्तीकर्ताले सम्बन्धित पक्षलाई क्षतिपुर्ती दिनुपर्नेछ।

२. क्षतिपुर्ती निर्धारण समितिले निर्धारण गरेको क्षतिपुर्ती दुवै पक्षलाई मान्य हुनेछ।

३. क्षतिपुर्ती निर्धारण समितिले निर्धारण गरेको क्षतिपुर्तीको रकम अनुमतिपत्र प्राप्त व्यक्तिले सम्बन्धित व्यक्तिलाई तीस दिनभित्र दिनुपर्नेछ।

४४) फोहोर पानी प्रशोधन गर्नुपर्ने १. कसैले पनि नेपाल सरकार,प्रदेश सरकार र यस नगरपालिकाले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र सहित वा रहितको फोहोर पानी वा अन्य कुनै पनि प्रकारको ठोस वस्तु

ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन पाइनेछैन।

२. कसैले आफुबाट उत्सर्जित फोहोर पानी वा वस्तु ढल निकास प्रणालीमा मिसाउनुपर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमाभित्र रही मिसाउनुपर्नेछ।

३. यस नगरपालिकाले आफै वा उपभोक्ता संस्थाले यस नगरपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा फोहर पानी प्रशोधन गर्ने संरचना स्थापना र सञ्चालन गर्न सक्नेछ।

**४५) सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालन गर्ने**

१. नगरपालिकाले उपभोक्ता संस्था र विभिन्न स्थानीय समुदायसँग सहकार्य तथा समन्वय गरी ग्रामीण तथा शहरी बस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राखी स्वास्थ्य तथा सरसफाइ र स्वच्छता सम्बन्धी विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्न वा गराउन सक्नेछ।

२. शौचालय निर्माण तथा प्रयोग नगर्ने परिवार वा व्यक्तिका लागि नगरपालिकाले सामाजिक सुरक्षा सेवा र अन्य अनुदानमा अस्थायी रुपमा रोक लगाउन सक्नेछ।

**४६) निरीक्षक**

१. खानेपानी आपुर्तीकर्ताको निरीक्षण गर्न नगरपालिका कार्यालयले निरीक्षक तोक्न सक्नेछ।

२. उपदफा (१) बमोजिम तोकिएको निरीक्षकले खानेपानी प्रणालीको समय-समयमा निरीक्षण गरी देहायका

विषयहरूमा पानी आपूर्तिकर्तालाई आवश्यक आदेश तथा निर्देशन दिई सो को जानकारी शिखर नगरपालिका

कार्यालयलाई दिनुपर्नेछ।

(क) स्रोतको भौतिक सुरक्षा तथा प्रतिकूल वातावरणीय असरबाट संरक्षण,

(ख) संरचनाको निर्माण, मर्मत, सम्भार तथा सुरक्षा,

(ग) स्रोत तथा संरचनामा भएको खानेपानीको परिमाणको लगत राख्ने, खानेपानीको प्रवाह घटाउने, बढाउने तथा

खानेपानीको अनधिकृत चुहावट र सेवाको दुरूपयोगबाट बचाउने,

(घ) खानेपानीलाई प्रदुषण हुनबाट बचाउने, गुणस्तर तथा स्वस्थकर बनाउने,

(ङ) उपभोक्तालाई उपलब्ध गराउने सेवाको व्यवस्थापन, खानेपानीको आपुर्ती गर्ने लगायत अन्य प्राविधिक

कुराहरू।

३. उपदफा (२) मा लेखिएदेखि बाहेक सेवा सञ्चालन तथा उपयोग सम्बन्धमा नगरपालिका कार्यालयले

सम्बन्धित पानी आपूर्तीकर्तालाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ।

४. उपदफा (२) वा (३) बमोजिम निरीक्षक वा शिखर नगरपालिकाको कार्यालयले दिएको आदेश तथा

निर्देशन सम्बन्धित पानी आपुर्तीकर्तालै पालना गर्नुपर्नेछ।

**४७) खानेपानी सेवा उपलब्ध गराउँदा समान व्यवहार गर्नुपर्ने**

१. पानी आपूर्तिकर्तालै खानेपानी सेवा उपलब्ध गराउँदा जात, धर्म, वर्ण, लिङ्ग वा राजनैतिक आस्थाका आधारमा

विभेद नगरी सबैलाई समान रूपमा खानेपानी सेवा प्राप्त गर्ने अवसर सुनिश्चित गर्नुपर्नेछ।

२. कुनै पानी आपुर्तीकर्तालै उपदफा (१) विपरीत हुने गरी खानेपानी सेवा उपलब्ध गराउँदा समान व्यवहार गरेको देखिन नआएमा समितिले विना पुर्वाग्रह समान ढङ्गबाट सबैलाई खानेपानी सेवा उपलब्ध गराउन सम्बन्धित सेवा प्रदायकलाई निर्देशन दिन सक्नेछ।

३. उपदफा २. बमोजिम जलस्रोत व्यवस्थापन समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित सेवाप्रदायकको कर्तव्य हुनेछ।

४८) विपन्न वर्गको पहुँच सुनिश्चित गर्नुपर्ने

१. पानी आपुर्तीकर्तालै उपलब्ध गराएको खानेपानी सेवामा विपन्न वर्गको पहुँच सुनिश्चित हुनुपर्नेछ।

२. उपदफा १. बमोजिम विपन्न वर्गको पहुँच सुनिश्चित गर्नका लागि सेवाप्रदायकले त्यस्तो विपन्न वर्गले तिर्न बुझाउनसक्ने गरी उपयुक्त महशुल दर निर्धारण गर्नुपर्नेछ।

३. पानी आपुर्तीकर्तालै खानेपानी सेवा उपलब्ध गराउदा विपन्न वर्गको पहुँच सुनिश्चित भए नभएको सम्बन्धमा जलस्रोत व्यवस्थापन समितिले अनुगमन गर्नसक्नेछ।

४. उपदफा ३. बमोजिम समितिले अनुगमन गर्दा पानी आपुर्तीकर्तालै उपलब्ध गराएको खानेपानी सेवामा विपन्न वर्गको पहुँच सुनिश्चित भएको नदेखेमा त्यस्तो वर्गको सहज पहुँच हुने गरी खानेपानी सेवा उपलब्ध गराउन सम्बन्धित पानी आपुर्तीकर्तालाई नगरपालिका स्तरीय जलस्रोत व्यवस्थापन समितिले आवश्यक निर्देशन दिन सक्नेछ।

४९) निर्देशिका बनाई लागू गर्नसक्ने

१. पानी आपुर्तीकर्तालै उपभोक्तालाई सेवा उपलब्ध गराउने विषयमा यस ऐनमा उल्लेखित व्यवस्था विपरीत नहुने गरी आवश्यकता अनुसार निर्देशिका बनाई लागू गराउन सक्नेछ।

५०) उपभोक्ता समितिको कार्य अवधी

१. यो ऐन जारी भएको मितिदेखि हाल सञ्चालनमा रहेका खानेपानी उपभोक्ता समितिहरू यसै ऐन बमोजिम गठन हुनेछन्।

२. खानेपानी उपभोक्ता समितिको कार्य अवधि ३ वर्षको हुनेछ।

५१) नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउनसक्ने

१. यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ।

५२) बचाउ तथा खारेजी र बाझिएमा गर्ने

१. यस नगरपालिकाले खानेपानी तथा सरसफाइका विषयमा यस अघि कार्यविधि वा अन्य आधारमा गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

२. यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्क्रिय रहनेछन्।

५३) अनुसुचीमा हेरफेर

१. शिखर नगरपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्नसक्नेछ।

अनुसूची १

(ऐनको दफा १०को १०.१ सँग सम्बन्धित) खानेपानीका मूल वा स्रोत दर्ताको निवेदनको ढाँचा

मितिः-

श्री नगरप्रमुख ज्यू
शिखर नगरपालिका तलकोट, डोटी ।

महोदय,

हामीले ..........................................................खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले जलस्रोत उपयोगलाई व्यवस्थित गर्न बनेका जलस्रोत नियमावली,२०५० को दफा १२ बमोजिम खानेपानीको मूल दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता सँस्थाको एकप्रति विधान र रु.........दस्तुर सहित निवेदन दिएका छौं।

विवरणः-

१. उपभोक्ता संस्थाको नाम

२. कार्यक्षेत्र

३. उद्देश्यहरू

(क)

(ख)

४. उपयोग गर्ने जलस्रोतको विवरण

(क) जलस्रोतको नाम र ठेगाना रहेको ठाउँ

(ख) मुल वा स्रोतको उपयोगिता

(ग) उपयोग गर्न चाहेको स्रोतको परिमाण

(घ) मुल वा स्रोतको हाल भैरहेको उपयोग

५. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण

(क) सेवाको किसिम

(ख) सेवा पुऱ्याउने क्षेत्र

(ग) लाभान्वित हुने उपभोक्ताहरूको संख्या

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना

६. कुनै सँघ सँस्थाबाट सहायता व्यहोरिने भए सो सम्बन्धमा त्यस सँस्थाले व्यक्त गरेको प्रतिबद्धता र तत्सम्बन्धी कागजातहरू सँलग्न गर्नुपर्नेछ।

निवेदक,
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिने
..........................................................................
नामः-
पदः-
मितिः-

अनुसूची – २

दफा १० को उपदफा १०.१ सँग सम्बन्धित मुल दर्ता प्रमाणपत्रको ढाँचा

मिति :- ..............................

श्री ...........................................................
...........................................................

............................(सम्बन्धित उपभोक्ता संस्थाको नाम).................... जलस्रोतको उपयोगला
व्यवस्थित गर्न बनेको ऐन, २०८१ को दफा १० बमोजिम..................साल.............. महिना........
गतेमा यस कार्यालयमा दर्ता गरी यो मूलदर्ता प्रमाणपत्र प्रदान गरिएको छ, जलस्रोत ऐन, २०४९ र जलस्रो
नियमावली, २०५० बमोजिम आफ्नो कार्य सञ्चालन गर्नुहोला।

<u>प्रमाणपत्र दिने अधिकारीको</u>

..........................................................................

नाम :-
पद :-
कार्यालय :-
मिति : -
छाप :-

## अनुसूची -३

(दफा (१९) को उपदफा (१) सँग सम्बन्धित उपभोक्ता समिति दर्ताका लागि निवेदनको ढाँचा)

मितिः ...................

श्री नगर प्रमुख ज्यू

...................................नगरपालिका,

........................ ।

महोदय,

खानेपानी नियमावली, २०५५ को दफा ५ बमोजिम र ...................................नगरपालिका खानेपानी व्यवस्थापन ऐन, २०८१ को दफा १९ बमोजिम उपभोक्ता सँस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता सँस्थाको एक प्रति विधान र रु. ..... दस्तुर सहित निवेदन दिएका छौं।

विवरणः

१. उपभोक्ता संस्थाको नामः-

२. कार्यक्षेत्रः-

३. उद्देश्यहरूः-

४. कार्यालय (संस्था) को ठेगानाः-

५. कार्यसमितिको सदस्यहरूको विवरणः-

६. उपभोक्ता संस्थाको विधानमा देहायका कुराहरू खुलेको हुनुपर्नेछ (खानेपानी नियमावली -२०५५ बमोजिम)

(क) उद्देश्य तथा कार्यक्षेत्र,

(ख) सदस्यताका लागि योग्यता,

(ग) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधी,

(घ) सदस्यताका अयोग्यता,

(ङ) साधारणसभाको गठन,

(च) साधारणसभाको अधिवेशन,

(छ) साधारण सभाको काम, कर्तव्य र अधिकार,

(ज) कार्यसमितिको गठन,

(झ) कार्यसमितिको बैठक,

(ञ) कार्यसमितिको काम, कर्तव्य र अधिकार,

(ट) पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार,

ठ) निर्वाचन सम्बन्धी व्यवस्था,

ड) अविश्वासको प्रस्ताव,

ढ) आर्थिक स्रोत,

ण) चलअचल सम्पत्तिको विवरण,

त) कोष,

थ) लेखापरीक्षण,

द) विधानमा संशोधन,

ध) विनियम बनाउन सकिनेकुरा,

न) सदस्यताबाट मुक्त हुने अन्य अवस्थाहरू

प) अन्य आवश्यक कुराहरू।

<u>निवेदक</u>

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिने

---

नाम:-

पद:-

मिति:-

अनुसूची – ४

(दफा १९ को उपदफा १९.५ सँग सम्बन्धित उपभोक्ता संस्था दर्ता प्रमाणपत्रको ढाँचा)

दर्ता मिति

दर्ता नम्बर

मितिः-..............................

श्री .............................................................................

.............................................................................

............ (सम्बन्धित उपभोक्ता संस्थाको नाम)................................ जलस्रोतको उपयोगलाई व्यवस्थित गर्न बनेका ऐन, २०८१ को दफा १९ बमोजिम..................साल............... महिना .......... गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ, जलस्रोत ऐन, २०४९ र जलस्रोत नियमावली, २०५० बमोजिम आफ्नो कार्य सञ्चालन गर्नुहोला।

<u>प्रमाणपत्र दिने अधिकारीको</u>

नामः-

पदः-

हस्ताक्षरः-

कार्यालयः-

मितिः-

छापः-

## अनुसूची – ५

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित खानेपानी उपभोक्ता समिति नवीकरणको प्रमाणपत्र ढाँचा)

खानेपानी उपभोक्ता समितिको नाम

ठेगाना

प्रमाणपत्र दर्ता नं.-

प्रमाणपत्र दर्ता मितिः-

दर्ता नं. -

नवीकरणको विवरणः-

नवीकरण मितिः-

नवीकरण बहाल रहने अवधीः-

नवीकरण दस्तुरः-

नवीकरण गर्ने अधिकारीको दस्तखत र छापः-

दस्तखतः-

नोटः-

१) जुन आ.व. मा नवीकरण गरिएको हो सोहि आ.व. को असार मसान्तसम्म मात्र बहाल रहने अवधी कायम हुनेछ।

२) खानेपानी उपभोक्ता समितिहरू नवीकण गर्नका लागि खानेपानी जाँच गरेको रिपोर्ट अनिवार्य समावेश गरेको हुनुपर्दछ।

३) नवीकरण गर्दा प्रत्येक आ.ब. समास भएको ६ महिनाभित्र गरिसक्नुपर्दछ।

४) आ.ब. समास भएको ६ महिनाभित्र नवीकरण नगरेमा नियमानुसार बिलम्ब दस्तुर लाग्नेछ।

## अनुसूची – ६

(दफा १४ को उपदफा (५) सँग सम्बन्धित स-साना खानेपानी उपभोक्ता समितिहरु निष्कृय गरी नयाँ समिति बनाउँदा अस्तित्वमा रहेका उपभोक्ता समितिहरुले पेश गर्नुपर्ने विवरणको ढाँचा)

मिति:- ……………………

श्री नगर प्रमुख ज्यू

शिखर नगरपालिका,

तलकोट, डोटी।

महोदय,

शिखर नगरपालिकाको खानेपानी तथा सरसफाइ व्यवस्थापन ऐन, २०८१ को दफा १४ को उपदफा १ बमोजिम यस ……………………………………………… खानेपानी उपभोक्ता समितिको सम्पुर्ण विवरण देहाय बमोजिम भएको व्यहोरा अनुरोध छ।

विवरणः

१. उपभोक्ता संस्थाको नामः-

२. उद्देश्यहरूः-

१)

२)

३)

३. कार्यालय (संस्था) को ठेगानाः-

४. कार्यसमितिको सदस्यहरूको विवरणः-

५) गठन भएको मितिः-

६) आर्थिक स्रोतः-

७) लेखापरीक्षण प्रतिवेदनः-

खानेपानी उपभोक्ता समितिको नामः

| क्र. सं. | विवरण | विद्यमान अवस्था | कैफियत |
|---|---|---|---|
| १ | सेवा पुर्‍याई रहेको क्षेत्र (कुन वडाका कुन-कुन गाउँ/बस्तीहरु) | बस्तीको नाम वडा नं.<br>१)<br>२)<br>३) | |
| २ | सेवा पुर्‍याई रहेको घर सँख्या (कुन वडा कति घरहरु) | वडा नं. घर सँख्या | |
| ३ | सार्वजनिक धारा सँख्या (कुन वडामा कति) | वडा नं. धारा सँख्या | |
| ४ | सार्वजनिक शौचालय सँख्या (कुन वडा कुन गाउँ/बस्तीमा कति) | वडा नं. गाउँ/बस्तीको नाम सँख्या | |
| ५ | भवन सँख्या (कुन वडाको कुन गाउँ/बस्तीमा कति) | वडा नं. गाउँ/बस्तीको नाम सँख्या | |
| ६ | जग्गाको क्षेत्रफल(कुन वडामा कति क्षेत्रफल) | वडा नं. क्षेत्रफल | |
| ७ | कोषमा जम्मा रकम | | |
| ८ | गोदाम/स्टोरमा रहेका अन्य सम्पतीको विवरण | १)<br>२)<br>३) | |

निवेदक

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिने

..............................................................

नामः-

पदः-

मितिः-